म.प.बै.सं. २४।०८१

## संवत् २०८१ साल कार्तिक ८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको सांगठनिक संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेशको दोस्रो आवधिक योजना आ.ब. (२०८१/८२-२०८५/८६) को अन्तिम मस्यौदा स्वीकृत गर्ने।

३. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः रौतहट र सर्लाही कार्यक्षेत्र रहने गरी पर्यटन विकास कार्यालय, गौर स्थापना गर्ने।

४. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः मधेश प्रदेश सार्वजनिक निजी साझेदारी तथा थप लगानी विधेयकको मस्यौदा तयारीको लागि सैद्धान्तिक सहमति दिने।

५. ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयः उच्च प्रविधियुक्त खानेपानी कार्यक्रमको लागि अस्थायी दरबन्दी सृजना गर्ने।

६. शिक्षा तथा संस्कृति मन्त्रालयः मधेश प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

७. शिक्षा तथा संस्कृति मन्त्रालयः शिक्षा विकास इकाई (स्थापना तथा संचालन) निर्देशिका, २०८१ स्वीकृत गर्ने।

८. जनकपुरधाममा हुने यस वर्षको विवाहपञ्चमी महोत्सवलाई व्यवस्थित बनाउन सङ्घीय सरकार र स्थानीय सरकारले गर्ने कार्यका अतिरिक्त मधेश प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने व्यवस्थापकीय कार्यहरुको सम्बन्धमा आगामी मन्त्रिपरिषद् बैठकमा सुझाव दिने प्रयोजनको लागि माननीय शिक्षा तथा संस्कृति मन्त्रीको संयोजकत्वमा समिति गठन गर्ने।

म.प.बै.सं. २५।०८१

## संवत् २०८१ साल कार्तिक १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको विभिन्न मितिको पत्रबाट नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश वा अन्तर्गत कामकाजमा खटिई आउनुभएका प्रदेश सचिवहरुलाई विभिन्न निकायमा कामकाज गर्न खटाउने।

म.प.बै.सं. २६।०८१

## संवत् २०८१ साल कार्तिक २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः प्रयोगशालाहरुका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः अस्पतालहरुको लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको पत्रबाट नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश वा अन्तर्गत कामकाजमा खटिई आउनुभएका प्रदेश सचिवलाई कामकाज गर्न खटाउने।

४. स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, अधिकृत एघारौं तह (प्राविधिक) का निर्देशक श्री श्रवण कुमार नायकलाई स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशमा पदस्थापन गर्ने।

५. विश्व हिन्दु परिषद्, नेपालको मिति २०८१।०७।१९ को पत्रबाट मधेश प्रदेश सरकारका माननीय मुख्यमन्त्री सतिश कुमार सिंहलाई मिति २०८१ मंसिर १ देखि ४ गत्तेसम्म आयोजना हुने श्रीराम जानकी तिलकोत्सव कार्यक्रम (मंसिर १ गत्ते जनकपुरधाममा प्रारम्भ भई मधेश प्रदेशका विभिन्न जिल्ला हुँदै मंसिर ३ गत्ते भारतको अयोध्याधाममा समापन भई मंसिर ४ गत्ते पुनः जनकपुरधाम आइपुग्ने) मा सहभागी हुन आमन्त्रण भई आएकोमा निजको भ्रमण स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने र उक्त कार्यक्रममा सहभागी हुन अन्य छ जना माननीय मन्त्रीज्यूहरुको भ्रमण स्वीकृत गर्ने।